**मन्थली न.पा.द्वारा आयोजित 'सार्वजनिक शिक्षाको सबलीकरण'** विषयक २ दिने गोष्ठीबाट प्रतिपादन भएको शैक्षिक **प्रतिबद्धता-पत्र -२०७६**

**क) पहूँचको सुनिश्चितताः**

- प्रत्येक विद्यालयले आफ्नो सेवाक्षेत्र भित्रका विद्यालय उमेरका बालबालिका (पूर्व प्राथमिक कक्षा-३-४ वर्ष, र ५-१२ वर्ष) हरूको भर्ना सुनिश्चित गर्ने ।
- वडागत रूपमा शतप्रतिशत बालबालिकाहरू विद्यालय भित्र भएको घोषणा गर्दै मन्थली नगरपालिकालाई विद्यालय उमेरका (पूर्व प्राथमिक ३-४, र ५-१२ वर्ष) बालबालिका शतप्रतिशत विद्यालय भर्ना भएको नगरपालिका घोषणा गर्ने ।
- फरकक्षमता भएका, विपन्न तथा असहाय बालबालिकाहरूलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको सुनिश्चितता गर्न आवश्यक व्यवस्था मिलाउने ।

**ख) गुणस्तर अभिवृद्धि :**

- पूर्व प्राथमिक कक्षा तथा कक्षा १ र २ को व्यवस्थापन थप प्रभावकारी बनाई प्रभावकारी रूपमा शिक्षण गर्ने ।
- पूर्व प्राथमिक तथा कक्षा १, २ र ३ मा कक्षा शिक्षण गर्न प्रोत्साहित र प्रबर्द्धन गर्ने ।
- स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री सहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा जोड दिने ।
- शिक्षण सिकाइमा ICT र इन्टरनेटको प्रयोगलाई प्रबर्द्धन गर्ने ।
- वडा स्तरमा वडा कार्यालयसँग समन्वय गरी कक्षा १-५ मा अध्यापन गर्ने शिक्षकहरूको समिति गठन गर्ने र कक्षा ६-१२ का शिक्षकहरूको नगरपालिका स्तरीय विषयगत समिति गठन गरी शिक्षणमा सुधारका लागि सहकार्य गराउने ।
- विद्यालयको वार्षिक शैक्षणिक क्यालेण्डर, वार्षिक कार्यतालिका, कार्ययोजना र TIP निर्माण गरी शिक्षण कार्य गर्न शिक्षकलाई प्रोत्साहन गर्ने ।
- प्रत्येक शुक्रबार नियमित रूपमा विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरूको चौतर्फी विकासमा सहयोग पुर्‍याउने ।
- आधारभूत तहको वडा स्तरमा र मावि तहको नगरपालिका स्तरमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्ने ।
- नगर शिक्षा समिति मार्फत् शिक्षक विद्यार्थी अनुपात, सञ्चालित कक्षा र विषयका आधारमा दरबन्दी मिलान र समायोजन गर्ने ।

- विद्यार्थीहरूको सिकाइ उपलब्धी वृद्धि गर्न निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गरी विद्यार्थी तथा अभिभावकलाई पृष्ठपोषण दिने ।
- प्रत्येक परीक्षाको नतिजा विश्लेषण गरी अभिभावकहरूको उपस्थितिमा अन्तर्क्रिया गरी शैक्षिक सुधारका उपायहरू पहिचान गरी कार्यान्वयन गर्ने ।
- विद्यालयमा विद्यार्थी नियमित उपस्थित गराउन, शतप्रतिशत वा सबैभन्दा बढी उपस्थित हुने विद्यार्थी र निजका अभिभावकलाई विद्यालयको वार्षिकोत्सवमा अनिवार्य रूपमा सम्मान र पुरस्कृत गर्ने ।
- सिकाइको माध्यम भाषाको रूपमा कक्षा १ देखि नै अङ्ग्रेजी भाषाको प्रयोगलाई लागू गर्दै जाने, नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू अङ्ग्रेजी माध्यममा शिक्षण गर्न प्रोत्साहित एवम् प्रबर्द्धन गर्ने ।
- मन्थली नगरपालिका भित्र शिक्षण गर्ने पुराना, योग्य, अनुभवी र तालिम प्राप्त प्रशिक्षक स्तरका विज्ञ रोष्टर शिक्षकहरूको नामावली तयार गरी 'विषयगत प्रशिक्षक बैंक' खडा गरी मन्थली न.पा. भित्रका विद्यालयहरूमा शिक्षक शिक्षक बीचको अन्तर्क्रिया, नमुना कक्षा शिक्षणमा उपयोग गर्ने र जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका र देश भित्रका गाउँपालिका वा नगरपालिका भित्र माग भई आएका बेला छोटो वा लामो समयको प्रशिक्षण दिन पठाउने व्यवस्था गर्ने ।
- विद्यालयमा उपस्थित हुनुहुने अतिथि/Guest हरूको क्षमता वा बौद्धिकतालाई उपयोग गर्न उपस्थित विद्यालयको शैक्षिक सुधारका सन्दर्भमा विद्यालयमा रोष्टर प्रशिक्षणको व्यवस्था गरी अधिकतम् रूपमा उपयोग गर्ने गराउने ।
- मन्थली न.पा.भित्र असल अभ्यास एवम् अनुकरणीय र नमुनालायक क्रियाकलापहरू सिकाइग्रहण गर्न अन्तर विद्यालय अवलोकन भ्रमण कार्यक्रम विद्यालयको वार्षिक कार्यक्रममा समावेश गर्ने ।
- मन्थली नगरपालिका भित्र रहेका आधारभूत तथा माध्यमिक विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूलाई मूल्य मान्यतामा आधारित योग, ध्यान तथा आध्यात्मिक शिक्षाका प्रशिक्षणहरू प्रदान गर्न जिल्ला भित्र रहेका प्रशिक्षक र अतिथि प्रशिक्षकहरूको व्यवस्था गरी नगरपालिकाको पहलमा निरन्तर तालिम कार्यक्रमहरू गर्ने ।
- सिकाइ उपलब्धी, अतिरिक्त क्रियाकलाप, बाल क्वबका गतिविधि सञ्चालनमा उत्कृट मापन भएका र विद्यालयका विभिन्न खेल गतिविधिमा संलग्न उत्कृष्ट शिक्षकहरूलाई वार्षिक रूपमा नगर स्तरीय उत्कृष्ट शिक्षकका रूपमा पुरस्कृत गर्ने परम्पराको थालनी गर्नका लागि मन्थली नगरपालिका भित्र रहेका आधारभूत र माध्यमिक विद्यालयहरूले नगर शिक्षा समितिमा ती शिक्षकहरूको कार्य र नतिजा पुष्ट्याँई हुने गरी नामावली पठाउने र नगरपालिकाले सोही आधारमा नगर शिक्षा समितिमा निर्णय गराई पुरस्कृत गर्ने परम्पराको थालनी गर्ने ।

- देशका विभिन्न स्थानमा अनुकरणीय र नमुनालायक राम्रा शैक्षिक अभ्यास गरिरहेका विद्यालयहरूको शैक्षिक अवलोकन भ्रमणका लागि मन्थली नगरपालिकामा रहेका आधारभूत वा माध्यमिक विद्यालयहरूको शिक्षक, विद्यार्थी, अभिभावक, विव्यस, शिअसंघ र नगर शिक्षा समितिका पदाधिकारीहरूको प्रतिनिधिमूलक टोली बनाई वार्षिक रूपमा शैक्षिक अवलोकन भ्रमण गर्ने कार्ययोजना बनाउने ।

**ग) समुदाय/अभिभावक सहभागिता :**

- विव्यस, शिअसंघ, शिक्षक, अभिभावक र जनप्रतिनिधिहरूलाई जिम्मेवार र उत्तरदायी बनाउन विद्यालयको नियमित रूपमा परामर्श र अनुगमन गर्ने गराउने ।
- अभिभावकहरू नियमित रूपमा विद्यालय पुगी आआफ्ना बालबालिकाको सिकाइ स्तरका बारेमा जानकारी लिने ।
- बालबालिकाहरूको सिकाइमा सुधार गर्न अभिभावकहरूबाट घरमा उपयुक्त पठन पाठनको वातावरण सुनिश्चित गर्ने ।
- अभिभावकहरूलाई बालबालिकाहरूको शिक्षाप्रति जवाफदेही बनाउन अभिभावक शिक्षा तथा परामर्श कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्ने ।

**घ) सुशासन र पारदर्शिता :**

- चौमासिक रूपमा विद्यालयको आय-व्यय सार्वजनिक गरी आर्थिक पारदर्शिता र जवाफदेहिताका सुनिश्चितता गर्ने ।
- सबै विद्यालयमा शिक्षकका लागि विद्युतीय हाजिरी लागू गरी वर्ष भरिमा सबैभन्दा बढी उपस्थित हुने र कम विदा बस्ने शिक्षकलाई वार्षिक कार्यक्रममा पुरस्कृत गर्ने ।
- विद्यालयमा विद्यार्थीहरूको पहुँचमा रहने गरी गुनासो पेटिकाको व्यवस्था गरी प्राप्त गुनासाहरूको उपयुक्त किसिमले व्यवस्थापन गर्ने साथै गुनासाका आधारमा विद्यालयको शैक्षिक, भौतिक र व्यवस्थापकीय सुधारहरू निरन्तर रूपमा गर्दै जाने ।
- प्रत्येक विद्यालयले अभिभावक, विव्यस, शिक्षक र विद्यार्थी आचारसंहिता बनाई विद्यालयमा टाँस्ने व्यवस्था गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- विद्यालयमा बालकेन्द्रित शिक्षण सिकाइ वातावरण सिर्जना गरी विद्यालयहरूलाई भयमुक्त र शान्ति क्षेत्र कायम गर्ने ।
- सिकाइ उपलब्धिका आधारमा शिक्षकको मूल्याङ्कन गरी पुरस्कृत गर्ने ।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयहरूको पुनः व्यवस्थापन र वितरण गर्ने ।

**ङ) विद्यालयको वातावरण :**

- विद्यालयलाई PEACE, CLEEN, GREEN र SAFE जोनकारूपमा विकसित गर्ने ।
- 'एक विद्यालय एक उद्यम' अभियान सम्पूर्ण विद्यालयहरूमा स्थानीय सम्भाव्यताका आधारमा सञ्चालन गर्दै जाने ।
- शिक्षक विद्यार्थीहरूको सहभागितामा नियमित रूपमा विद्यालय हाता र शौचालय सरसफाइ गर्ने र विद्यालयको खाली जमिनमा अनिवार्यरूपमा निरन्तर वृक्षरोपण गर्ने ।
- प्रत्येक विद्यालयमा कुहिने र नकुहिने फोहरका लागि अलगअलग डष्टबिनको अनिवार्य व्यवस्था गर्ने ।
- विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा पूर्ण बालमैत्री हुने गरी निर्माण गर्ने ।
- छात्रा मैत्री विद्यालयका लागि सम्पूर्ण विद्यालयमा निःशुल्क स्यानेटरी प्याडको व्यवस्था गर्ने र यसका लागि साझेदार निकायको खोजी गर्ने ।
- विद्यार्थी, अभिभावक र अन्य साझेदार निकायको सहयोगमा एक 'उद्यम कोष' को स्थापना गर्ने तथा कोषमा सहयोगका लागि पूर्व विद्यार्थी समाजको गठन गरी सहयोगका लागि वातावरण बनाउने ।